सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं. १४६७

मिति :- २०८०/१०/२४

श्री सामुदायिक विद्यालय (सवै)
सिद्धलेक गाउँपालिका, धादिङ ।

**विषयः विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०८० माघ १४ गते सिद्धलेक गाउँपालिका गाउँ शिक्षा समितिका संयोजकको अध्यक्षतामा वसेको शिक्षा समितिको वैठकले सिद्धलेक गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई फागुन २० गते भित्र विद्यालय व्यवस्थापन समिति गठन गर्न निर्देशन दिने निर्णय भएको हुदा यसै पत्र साथ संलग्न निर्णयको प्रतिलिपि वमोजिम गर्नुहुन आदेशानुसार अनुरोध छ ।

२०८०/१०/२४

..................................
डा. चक्र वली
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

आज मिति २०८०।१०।१४ गते आइतबारका दिन यस सिद्धलेक गाउँपालिकाको गाउँ शिक्षा समितिका अध्यक्ष एवम् गाउँपालिकाका अध्यक्ष श्री परशुराम खतिवडाको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा वैठक बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति**

१. अध्यक्षः- श्री परशुराम खतिवडा - गाउँपालिका अध्यक्ष

२. सदस्यः- श्री वुधे घले - वडाध्यक्ष

३. सदस्यः- श्री सरिता रोक्का -गाउँपालिका महिला सदस्य सरिता

४. सदस्यः- श्री ध्रुब प्रसाद सिलवाल - सा.वि.का.प्र.अ.

५.सदस्यः- श्री कोपिला थापा मगर - महिला शिक्षक

६.सदस्यः- श्री दाताराम सिलवाल -शिक्षासेवी तथा बुद्धिजीवी

७.सदस्यः- श्री दिपक अर्याल -शिक्षासेवी तथा बुद्धिजीवी

८.सदस्य -सचिवः- श्री मेनुका बास्कोटा -शिक्षा शाखा प्रमुख

**आमन्त्रित उपस्थिति**

१. श्री रामेश्वर पुडासैनी - प्राविधिक सहायक- शिक्षा, युवा तथा खेलकुद शाखा

Scanned with CamScanner

**प्रस्ताव नं.१- विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धमा।**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा सिद्धलेक गाउँपालिका शिक्षा (तेस्रो संशोधन) ऐन, २०८०, गाउँसभा बाट मिति २०८०।०३।२५ गते स्वीकृत भई मिति २०८०।०९।२३ गते सो ऐनबारे सिद्धलेक गाउँपालिकाका अध्यक्ष ज्युले सम्पुर्ण सरोकारवालाहरुलाई जानाकारी गराईसकिएको र शिक्षा ऐन २०८०(तेस्रो संशोधन) ले साविकको विद्यालय व्यवस्थापन समितिहरु काम चलाउ मात्र भएकोले विद्यालयका दैनिक कामकारबाहीमा पर्न सक्ने हानीनोक्सानीबाट विद्यालयलाई रोक्न सिद्धलेक गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई फाल्गुन २० गते भित्र विद्यालय व्यवस्थापन समिति गठन गर्न विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं.२- स्थानीय पाठ्यक्रम लेखन समिति गठन सम्बन्धमा।**

**निर्णय नं. २.** प्रस्ताव नं.२ माथि छलफल गर्दा सिद्धलेक गाउँपालिकाको हाम्रो सिद्धलेक नामक स्थानीय पाठ्क्रम र शिक्षक निर्देशिका लेखन कार्यको लागि तपसिल बमोजिमको स्थानीय पाठ्यक्रम लेखन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

| | |
|---|---|
| १. श्री राजीव गौतम | -संयोजक |
| २. श्री जनार्दन नेपाल | -सदस्य |
| ३. श्री सरोज खतिवडा | -सदस्य |
| ४. श्री नेत्र वहादुर थापा | -सदस्य |
| ५. श्री रामेश्वर पुडासैनी | -सदस्य-सचिव |

**प्रस्ताव नं.३- धन्यवाद ज्ञापन सम्वन्धमा।**

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिद्धलेक गाउँपालिकाका साविकको गाउँ शिक्षा समितिमा रहेर रचनात्मक उपस्थिति र सहयोग गरी गाउँपालिकालाई सहयोग गर्नु भएका सम्पुर्ण गाउँ शिक्षा समितिका सदस्यहरुलाई धन्यवाद ज्ञापन व्यक्त गर्दछौं।

Scanned with CamScanner